कोशी प्रदेश
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय,ओखलढुङ्गा
नेपाल

मासिक जनस्वास्थ्य बुलेटिन

आ.व.: २०८३/८४ बर्ष: दोस्रो अंक:४ महिना : भाद्र प्रकाशित मिति:२०८३/०६/०२

१ डेंगी नियन्त्रण तथा रोकथाम अभियान

साउन, भाद्र र आश्विन महिना: डेंगी सचेतना तीन महिने अभियान "हरेक शुक्रबार, सफा शुक्रबार" अन्तर्गत भाद्र १ गते रुम्जाटारका सम्पूर्ण घरघरमा पुगेर डेंगीको जोखिमबाट बच्न लामखुट्टेको प्रजननस्थल तथा वासस्थान खोज तथा नष्ट गर्ने अभियान सम्पन्न गरिएको छायस अभियानमा विद्यालय तथा कलेज, अस्पताल, नेपाल प्रहरी, यातायात, विद्युत्, वडा अध्यक्ष, FCHVs तथा सामाजिक कार्यकर्ताहरूको सक्रिय सहभागिता रहेको थियो। घरघरमा पुगेर पानी जम्न सक्ने स्थानको पहिचान, सम्भावित लामखुट्टेको प्रजननस्थल नष्ट गर्ने तथा डेंगी रोकथामसम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्य गरिएको थियो।









२

विश्व लामखुट्टे दिवसको अवसरमा डेंगी नियन्त्रण कार्यक्रम

विश्व लामखुट्टे दिवस को अवसरमा स्वास्थ्य कार्यालय, ओखलढुंगाको आयोजनामा मोलुङ गाउँपालिका वडा नं. २, रामपुरमा डेंगी नियन्त्रण तथा रोकथामसम्बन्धी कार्यक्रम भाद्र ४ गते सम्पन्न गरिएको छाकार्यक्रममा मोलुङ गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख, विद्यालयका शिक्षक तथा स्काउट विद्यार्थीहरू, नेपाल प्रहरी, वडा प्रतिनिधि, रामपुर स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHV) तथा स्थानीय समुदायका मानिसहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममार्फत डेंगी रोगको जोखिम, रोकथामका उपाय तथा लामखुट्टेको बासस्थान पहिचान गरी नष्ट गर्ने सम्बन्धमा जनचेतना अभिवृद्धि गर्नुका साथै समुदायस्तरमा डेंगी नियन्त्रणका लागि सामूहिक प्रयास गरिएको थियो।









३

Onsite coaching and Data Verification

भदौ ४ गते मोलुङ गाउँपालिका–२ स्थित रामपुर स्वास्थ्य चौकीमा अनसाइट कोचिङ तथा तथ्याङ्क प्रमाणीकरण कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रममा स्वास्थ्य संस्थाको सेवा प्रवाह तथा प्रतिवेदनसँग सम्बन्धित तथ्याङ्कको समीक्षा, प्रमाणीकरण तथा आवश्यक सुधारका विषयमा सहजीकरण गरिएको थियो।

भदौ ५ गते शहरी स्वास्थ्य केन्द्र, शीतलपुरमा अनसाइट कोचिङ तथा तथ्याङ्क प्रमाणीकरण गरिएको थियो। कार्यक्रममा स्वास्थ्यसम्बन्धी अभिलेख तथा प्रतिवेदनमा समावेश तथ्याङ्कको शुद्धता र पूर्णता जाँच गरी आवश्यक पृष्ठपोषण प्रदान गरिएको थियो।

भदौ ८ गते सामुदायिक अस्पताल, ओखलढुंगामा अनसाइट कोचिङ तथा तथ्याङ्क प्रमाणीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। सेवा अभिलेख, प्रतिवेदन तथा तथ्याङ्कबीचको मिलान, तथ्याङ्कको गुणस्तर सुधार तथा आवश्यक सुधारात्मक कार्यका लागि सहजीकरण गरिएको थियो।








४

श्रावण महिनाको तथ्याङ्क प्रविष्टिसम्बन्धी मासिक बैठक

भदौ १० गते श्रावण महिनाको DHIS2 मा प्रविष्टि गरिएको तथ्याङ्ककको अवस्थाबारे अनलाइन बैठक आयोजना गरिएको थियो। Google Meet मार्फत स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरूसँग बैठक सञ्चालन गरिएको थियो। बैठकमा श्रावण महिनाको तथ्याङ्क प्रविष्टिको प्रगति, बाँकी रहेका तथ्याङ्क तथा प्रतिवेदन, तथ्याङ्ककको शुद्धता र समयमै प्रविष्टि सुनिश्चित गर्ने विषयमा छलफल तथा आवश्यक सहजीकरण गरिएको थियो। साथै, स्वास्थ्य संस्थाबाट प्राप्त तथ्याङ्कलाई समयमै, पूर्ण र गुणस्तरीय रूपमा प्रविष्ट तथा प्रतिवेदन गर्ने विषयमा जोड दिइएको थियो।





५

समुदायमा आधारित रोग निगरानी प्रणालीसम्बन्धी अभिमुखीकरण सम्पन्न

समुदायमा आधारित रोग निगरानी प्रणालीलाई थप प्रभावकारी तथा सुदृढ बनाउने उद्देश्यले स्वास्थ्य कार्यालय, ओखलढुङ्गाको प्राविधिक सहयोग तथा US Government, EPIC र STRIDES को आर्थिक सहयोगमा मिति २०८३ भाद्र १५ गतेदेखि २६ गतेसम्म समुदायमा आधारित रोग निगरानी प्रणालीसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा रोग निगरानीको परिचय, अप्रत्याशित जनस्वास्थ्यका घटना, विभिन्न Syndromes तथा SORMAS सम्बन्धी विषयमा छलफल तथा अन्तरक्रिया गरिएको थियो। साथै, SORMAS मा घटना तथा केससम्बन्धी विवरण Entry गर्ने विषयमा व्यावहारिक अभ्यास समेत गराइएको थियो। कार्यक्रमको तयारीदेखि सञ्चालनसम्म निरन्तर साथ, सहकार्य तथा प्राविधिक सहयोग प्रदान गरी कार्यक्रमलाई सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएकोमा FHI 360 तथा Kamana Health Nepal प्रति विशेष धन्यवाद तथा हार्दिक आभार व्यक्त गरिएको थियो।

प्रथम ब्याच | भाद्र १५–१६
खिजिदेम्बा गाउँपालिकाअन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्था तथा स्वास्थ्य शाखाबाट २/२ जना प्रतिनिधि।
दोस्रो ब्याच | भाद्र १७–१८
सुनकोशी गाउँपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाबाट र मानेभञ्ज्याङ गाउँपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाबाट २/२ जना प्रतिनिधि।

तेस्रो ब्याच | भाद्र १९–२०
सिद्धिचरण नगरपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाबाट २/२ जना प्रतिनिधि।
चौथो ब्याच | भाद्र २१–२२
चिशंखुगढी गाउँपालिका र लिखु गाउँपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाबाट २/२ जना प्रतिनिधि।
पाँचौँ ब्याच | भाद्र २३–२४
चम्पादेवी गाउँपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाबाट २/२ जना प्रतिनिधि।
छैटौँ ब्याच | भाद्र २५–२६
मोलुङ गाउँपालिकाका स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाबाट २/२ जना प्रतिनिधि।

यसरी भाद्र १५ गतेदेखि २६ गतेसम्म ६ वटा ब्याचमा कार्यक्रम सञ्चालन गरी जिल्लाका विभिन्न स्थानीय तहका १८२ जना स्वास्थ्यकर्मीहरूलाई समुदायमा आधारित रोग निगरानी र SORMAS प्रयोगसम्बन्धी अभिमुखीकरण तथा व्यावहारिक अभ्यास प्रदान गरिएको थियो।









६ MNH Onsite Clinical Coaching and Mentoring कार्यक्रम

मातृ तथा नवजात शिशु स्वास्थ्य (MNH) सेवा सुनिश्चित गर्नुका साथै जटिलता व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मिति २०८३ भाद्र २२–२४ गते मोलुङ गाउँपालिकास्थित श्रीचौर स्वास्थ्य चौकीमा MNH Onsite Coaching and Mentoring कार्यक्रम सञ्चालन गरिएको थियो।कार्यक्रममा ५ जना नर्सिङ कर्मचारीको सहभागिता रहेको थियो। प्रसूति सेवासम्बन्धी सीप तथा दक्षता अभिवृद्धि गर्न कोचिङ तथा मेन्टरिङ विधिमार्फत सहजीकरण गर्नुका साथै स्वास्थ्य संस्थाको सेवा गुणस्तर मापन गरिएको थियो। कार्यक्रममा आम्दा अस्पताल, झापाबाट आउनुभएका मेन्टर चन्द्रा आङ्बु तथा स्वास्थ्य कार्यालय, ओखलढुङ्गाबाट PHN सपना पासवानले सहजीकरण गर्नुभएको थियो।साथै, वडा अध्यक्ष मान सिंह तामाङको अध्यक्षतामा व्यवस्थापन समितिका सदस्यहरूसँग बैठक बसेको थियो। बैठकमा सेवा गुणस्तर मापनबाट प्राप्त नतिजामाथि छलफल गरी नतिजाका आधारमा कार्ययोजना तयार गर्नुका साथै आगामी दिनमा सेवा गुणस्तर सुधार तथा प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक योजना तय गरिएको छ।






७ खोपबाट बचाउन सकिने रोगसम्बन्धी अभिमुखीकरण तथा खोप डेटा प्रमाणीकरण कार्यक्रम

खोपबाट बचाउन सकिने रोगहरूको रोकथाम, रोग निगरानी तथा खोप सेवासम्बन्धी ज्ञान तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मिति २०८३ भाद्र २६ गते मानेभञ्ज्याङ गाउँपालिका अन्तर्गत रहेको हर्कपुर स्वास्थ्य चौकीमा खोपबाट बचाउन सकिने रोगसम्बन्धी अभिमुखीकरण तथा खोपको डेटा प्रमाणीकरण कार्यक्रम सञ्चालन गरिएको थियो।कार्यक्रममा स्वास्थ्य चौकीको ७ जना स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो भने कार्यक्रम स्वास्थ्य कार्यालयबाट जनस्वास्थ्य निरीक्षक उमादेवी गुरुङ तथा स्वास्थ्य शाखा प्रमुख विश्वराज दाहालले सहजीकरण गर्नु भएको थियो।कार्यक्रममा खोपबाट बचाउन सकिने रोगहरूको परिचय, लक्षण तथा पहिचान, रोग निगरानी तथा रिपोर्टिङ, खोपद्वारा रोगको रोकथाम तथा नियन्त्रण, खोप सेवा सञ्चालन लगायतका विषयमा अभिमुखीकरण गरिएको थियो। साथै, स्वास्थ्य संस्थामा उपलब्ध खोपसम्बन्धी अभिलेख, रजिस्टर तथा रिपोर्टमा रहेको तथ्याङ्क र DHIS2 मा प्रविष्ट गरिएको तथ्याङ्कबीचको मिलान तथा प्रमाणीकरण गरिएको थियो।





८ सिद्धिचरण नगरपालिकाको वार्षिक समीक्षा कार्यक्रम

स्वास्थ्य कार्यक्रमहरूको प्रगति, उपलब्धि तथा कार्यान्वयनको अवस्था समीक्षा गर्नुका साथै आगामी कार्ययोजना तथा सुधारका विषयमा छलफल गर्ने उद्देश्यले मिति २०८३ भाद्र २४ र २५ गते सिद्धिचरण नगरपालिकाले वार्षिक समीक्षा कार्यक्रम सञ्चालन गरेको थियो।कार्यक्रममा नगरपालिका अन्तर्गत रहेका विभिन्न स्वास्थ्य संस्थाहरुको प्रगति समीक्षा, तथ्याङ्कको विश्लेषण, उपलब्धि तथा चुनौतीहरूको पहिचान, आगामी कार्ययोजना निर्माण लगायतका विषयमा छलफल तथा सहजीकरण गरिएको थियो।कार्यक्रममा स्वास्थ्य कार्यालय, ओखलढुङ्गाबाट मनिषा मोकताङ तामाङ, उमा देवी गुरुङ, सपना पासवान तथा सुधा अर्यालले सहजीकरण गर्नुभएको थियो।






९ किशोरीहरूलाई आइरन चक्की वितरण तथा पोषणसम्बन्धी अभिमुखीकरण कार्यक्रम

किशोरीहरूको पोषण अवस्था सुधार गर्नुका साथै रक्तअल्पता न्यूनीकरण गर्ने उद्देश्यले मिति २०८३ भाद्र ३१ गते सिद्धिचरण नगरपालिका–३, असिनेस्थित नारायणस्थान माध्यमिक विद्यालयमा किशोरीहरूलाई आइरन चक्की वितरण तथा पोषणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो।कार्यक्रमअन्तर्गत कक्षा ६ देखि १० सम्म अध्ययनरत किशोरी तथा किशोरहरूलाई सहभागी गराई किशोरावस्थामा पोषणको महत्व, सन्तुलित आहार, रक्तअल्पता, आइरन तथा फोलिक एसिडको आवश्यकता, आइरनयुक्त खानेकुरा तथा आइरन चक्की सेवनको महत्व लगायतका विषयमा कक्षा तथा अन्तरक्रियामार्फत जानकारी प्रदान गरिएको थियो।कार्यक्रममा स्वास्थ्य चौकी नारायणस्थानका प्रमुख शान्तलाल श्रेष्ठ तथा स्वास्थ्य कार्यालय, ओखलढुङ्गाबाट जनस्वास्थ्य अधिकृत प्रतिमा भट्टराईले सहजीकरण गर्नुभएको थियो।साथै, किशोरीहरूलाई आइरन चक्की वितरण गरी नियमित रूपमा सेवन गर्नुपर्ने आवश्यकता तथा यसको महत्वबारे समेत जानकारी गराइएको थियो।



